स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठले ब्रेकअपपछि एकसाथ काम गरेको पहिलो फिल्म 'भाइरल गोर्खे' आगामी जेठ ३० गतेबाट प्रदर्शनमा आउने भएको छ। भ्यालेनटाइन डेको अवसरमा दुईवटा पोस्टर सार्वजनिक गर्दै निर्माताले उक्त मितिमा फिल्म प्रदर्शन गर्ने घोषणा गरेका हुन्। प्रदर्शन मितिसहित सार्वजनिक दुई पोस्टरमध्ये एउटामा अभिनेता सौगात मल्ल मात्र चित्रित छन्।

**आजको विचार...**



कृष्ण बोहरा

चिन्तन...
(दुई पेजमा)



लभस्टोरी फिल्म बनाउन सिपालु मानिएका दीवाकर भ राईको लेखन तथा निर्देशनमा बनेको फिल्म 'मायावी'को ट्रेलर सार्वजनिक गरिएको छ। काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक तीन मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ। प्रेम प्राप्ति मात्र होइन, त्याग पनि हो भन्ने कुरालाई फिल्मले मुख्य कथावस्तु बनाएको ट्रेलरबाट बुझ्न सकिन्छ। तालनगरी पोखराको परिवेशमा खिचिएको फिल्मको ट्रेलर अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाईंमा केन्द्रित छ।

❑ वर्ष ३० ❑ अंक २०३ ❑ २०८१ फागुन ३ गते शनिबार 15 February 2025, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आगलागीमा परी ६ को मृत्यु

(रासस/सिन्ह्वा)

**सियोल,** फागुन २/दक्षिण कोरियाको दक्षिणी बन्दरगाह सहर बुसानमा शुक्रबार भएको आगलागीमा चार जनाको मृत्यु भएको र अन्य चार जना घाइते भएको राष्ट्रिय दमकल निकायले जनाएको छ । बन्यान ट्री होटलको निर्माणस्थलमा बिहान ११:०० बजे (०२०० जिएमटी) अघि आगलागी सुरु भएको अधिकारीहरूले बताए । स्थानीय सञ्चारमाध्यमका अनुसार घटनास्थलमा करिब १० जना कामदार थिए । बन्दरगाह शहर बुसानमा निर्माणाधीन एक आरामदायी होटलमा शुक्रबार भएको आगलागीमा परी छ जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन् । स्थानीय समयअनुसार बिहान ११ बजेतिर 'बनयान ट्रि होटल' मा आगलागी सुरु भएको अधिकारीहरुले बताएका छन् । 'नेशनल फायर एजेन्सी'का एक अधिकारीले एएफपीलाई बताएअनुसार आगलागी हुँदा करिब १०० जना कामदार होटेलमा रहेका थिए । कामदारहरूले इन्सुलेसन सामग्री भण्डारण गरेको निर्माण स्थलको पहिलो तल्लाबाट आगलागी सुरु भएको हुन सक्ने अग्नि नियन्त्रण विभागका एक अधिकारीले पत्रकारलाई बताए । दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपति चोइ साङ-मोकले अधिकारीहरूलाई 'आगो निभाउनका लागि उपलब्ध सबै कर्मचारी र उपकरणहरू पूर्ण रूपमा परिचालन गर्न' आदेश दिएको अर्थ मन्त्रालयले जनाएको छ ।

# रेडियो : गाउँघरमा सूचनाको भरपर्दो माध्यम

रासस

**रामपुर (पाल्पा),** फागुन २/रेडियोले समाजको खबर बोल्छ । गाउँघरमा हुने गतिविधि जनतामाझ सुसूचित गराउँदछ । मेलापात, घाँसपात, घरायसी कामकाज होस् या विभिन्न कार्य गर्दा पनि रेडियोलाई सारथी बनाएर सुन्ने श्रोता गाउँघरमा धेरै छन् ।

बढ्दो सूचना प्रविधिको विकासले सञ्चार क्षेत्रमा नयाँ-नयाँ प्रविधि भित्रिएको छ । पढाइलेखाइ, सञ्चार सुविधा पुगेका व्यक्तिका लागि त अनलाइन माध्यमबाट विभिन्न सूचना सन्देश ग्रहण गर्ने माध्यम छ । तर सामान्य साक्षर या निरक्षर व्यक्तिका लागि रेडियो एउटा साथी बनेको छ । स्थानीयस्तरमा सञ्चालित एफएम रेडियोले ग्रामीण भेगका जनतामाझ सूचना प्रवाह गर्दै आएका छन् । गाउँबस्तीका सूचना प्रवाह गर्ने भएकाले अहिले ग्रामीण भेगमा एफएम रेडियो सूचनाको संवाहक बनेका छन् । देशविदेशका खबर रेडियोले भन्ने हुँदा रेडियो एउटा साथीजस्तै बनेको बतान्छन्, पाल्पा रामपुर नगरपालिका-६ स्थित विजयपुर बस्ने ज्येष्ठ सदस्य



तिलकुमारी उपाध्याय रेग्मी । उनी उमेरले सात दशक पार गरिसकेकी छन् । आफूले जाने बुझेदेखि नै रेडियोलाई एउटा जीवनको सहयात्री बनाउँदै खबर सुन्ने र जानकारी लिने गरिरहेको उनको भनाई छ । 'बिहानै उठेर रेडियो खोल्छु, रेडियोले आज के नयाँ खबर ल्याउँछ भनेर सुन्न अत्यन्तै उत्सुक हुन्छु', उनले भनिन्, 'आफ्ना गाउँका खबर, देशविदेशका सबै खबर सुन्न पाइन्छ, घरमा रेडियो बजिरहेको हुन्छ, एक्लै हुँदा एउटा साथीको रूपमा रेडियोलाई लिने गरेकी छु ।' घरमा परिवारका सदस्य बाहिर कामकाजमा निस्केका बेला आफूलाई एक्लोपन हटाउन रेडियो बजाएर साथी बनाउने गरेको उनले सुनाइन् । उनी बिहानदेखि साँझसम्म रेडियोबाट विभिन्न खबर सुन्ने गर्छिन् । स्थानीय एफएम रेडियोले मान्छे हराएको, पानीको पालोदेखि गाउँघरका आमा समूहको भेला, बैठक, गोष्ठी, स्थानीय सरकारले गरेका काम, देशमा के भइरहेको छ, विश्वभरका घटना क्रम लगायत विविध खबर प्रसारण गर्ने हुँदा गाउँबस्तीमा यसको राम्रो प्रभाव परेको छ । सहरोन्मुख क्षेत्रमा सूचना, सञ्चार, इमेल, इन्टरनेटको पहुँचका कारण एफएम रेडियो सुन्ने श्रोता कमै हुन्छन् । विकट र दुर्गम गाउँबस्तीमा भने मेलापात र घाँस दाउरा गर्न जाँदा साथमै रेडियो बोकेर जाने चलन छ । गाउँघरमा हरेक दिन भएका खबर समेटेर रेडियोले प्रसारण गर्ने हुँदा ग्रामीण भेगका बासिन्दालाई सूचना प्राप्त गर्ने भरपर्दो सञ्चारमाध्यम एफएम रेडियो बनेको छ । गाउँका एफएम रेडियोले टोल बस्तीका हरेक दिनका गतिविधि प्रसारण गर्ने हुँदा दुर्गम र विकट गाउँका बासिन्दाका लागि सूचनाको राम्रो पहुँच पुगेको छ । ग्रामीण भेगका बासिन्दाका लागि एफएम रेडियो जीवनको एउटा साथी बनेको छ । सही, सत्यतथ्य सूचना तथा खबर रेडियोले प्रवाह गर्छ भन्ने जनविश्वास नागरिकमा रहेको हुँदा रेडियोका खबर सुन्दै आफ्नो दैनिकीमा लाग्ने गाउँघरमा धेरै रहेको सामाजिक अभियान्ता लेखनाथ शर्मा मरासिनी बताउन्छन् । 'म नियमित रेडियो सुन्छु, बिहान उठेर रेडियो खोल्ने र स्थानीयदेखि देशविदेशका खबर, घटनाक्रमबारे जानकारी लिने र आफ्नो दैनिकीमा लाग्ने गर्छु, रेडियो खोलेपछि आज के नयाँ खबर आउँछ भनेर जान्न र सुन्न उत्सुकता बढेर आउँछ', उनले भने । पेसाले उनी शिक्षक हुन् । उनको हातमा स्मार्टफोन, घरमा इन्टरनेटको पहुँच राम्रो छ । तैपनि ताजा जानकारी लिन उनी रेडियो नै खोल्छन् ।

रेडियोबाट समाचार, घटनाक्रम, खबर सुन्दा आनन्द लाग्ने गरेको अनुभव उनले सुनाए । आवाजविहीनहरूको आवाज बोल्ने माध्यम भनेकै रेडियो हो । पछिल्लो समय नयाँ-नयाँ सञ्चारमाध्यम भित्रिएता पनि रेडियोको महत्व छुट्टै छ । सहरबजारमात्र नभइ गाउँघरमा रेडियो सञ्चारमाध्यमले राम्रो प्रभाव पारेको छ । बिहीबार विश्व रेडियो दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइयो । सन् २०११ मा युनेस्काका सदस्य राष्ट्रले फेब्रुअरी १३ लाई अन्तर्राष्ट्रिय रेडियो दिवसका रूपमा मनाउन प्रस्ताव गरे पनि राष्ट्रसंघीय महासभाले त्यसलाई २०१२ मा अनुमोदन गरेपछि यो दिवस मनाउन थालिएको हो ।

## लागूऔषध प्रयोग नगरौं

लागूऔषधको सेवनले,
- मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

त्यसैले,
लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार विक्रिवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## रानीमहल पुगेका जोडीले मनाए 'भ्यालेन्टाइन डे'

**पाल्पा,** फागुन २/ फेब्रुअरी १४ अर्थात् 'भ्यालेन्टाइन डे' को अवसरमा पाल्पाको ऐतिहासिक पर्यटकीय क्षेत्र रानीमहलमा पुगेर प्रेमिल जोडीले प्रयण दिवस मनाएका छन् । शुक्रबार केही जोडीले रानीमहल पुगेर प्रेमका चिनारीका रूपमा प्रेम सफलताको कामना, एक आपसमा गुलाफका फूल साटासाट गरी भ्यालेन्टाइन डे मनाएका हुन् । उनीहरूले प्रेम प्रगाढ रहेको विश्वास आफ्ना जीवन साथीलाई गराए ।

अधिकांस प्रेमिल जोडीहरुको रोजाइ रानीमहल पर्ने गरेको छ । अर्घाखाँचीका सुरेन्द्र पाण्डे प्रेमीकासँगै रानीमहल दरबारमा भेटिए । रानीमहलको बारेमा विभिन्न मिडियामा चर्चा हुने गरेको सुनेको थिए आज आफै प्रत्यक्ष रुपमा हेर्ने मौका मिल्यो प्रेमीकासँग रमाइ रहेका पाण्डेले



भने,'प्रेमको प्रतीक रानीमहल आउने धोको पहिलादेखि नै थियो, अहिले प्रेमीकासहित घुम्न आएको, रानीमहल घुम्दा निकै आनन्द आयो ।' गत असोजमा विवाह बन्धनमा बाँधिएका कपिलवस्तुका नवराज थापा पनि रानीमहल पुग्दा छुट्टै आनन्द मिलेको बताए । उनी श्रीमतीसँगै रानीमहल पुगेर माया साटसाट गरे । 'म मात्र होइन मेरी श्रीमती पनि औधी खुसी भइन्,' उनले भने,'हामीलाई फेरि-फेरि फुर्सद मिल्नासाथ यहाँ आउन मन लागेको छ ।'

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भ्रष्टाचार नियन्त्रणमा गम्भीर बन

मुलुकको आर्थिक अवस्था जर्जर छ । तर, भ्रष्टाचार भने मौलाउँदो छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले भ्रष्टाचार व्याप्त हुने सूचीमै नेपाललाई राखेको छ । टीआईले हालै सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक २०२४ ले पनि भ्रष्टाचार मुलुकको गम्भीर समस्याका रूपमा देखाएको छ । नेपालको अवस्था अघिल्लो वर्षको भन्दा खस्किएको छ । सन् २०२३ मा १०० मा ३५ अंक प्राप्त गरेको नेपालले २०२४ मा भने ३४ अंक मात्रै प्राप्त गरेको हो । यसले भ्रष्टाचार नियन्त्रणमा सरकार गम्भीर बन्न नसकेको देखाएको छ । वरपरका अन्य देश पनि अति भ्रष्टाचार हुने सूचीमै भएकाले चित्त बुझाउने ठाउँ त होला तर, भ्रष्टाचार र कुशासनको क्षेत्रीय गठबन्धन हुँदैन । बरु सम्बन्धित देशका जनताले त्यसको असर भोग्नुपर्ने भएकाले त्यस देशले आफूमै सुधार खोज्नुपर्छ ।

भ्रष्टाचार नभएको सायदै यहाँ कुनै क्षेत्र होला । राज्यकोषको ढुकुटी चरमरुपमा दोहन गर्ने र बाह्य अनुदान एवं ऋण खोज्दै चाहर्ने प्रवृत्ति देशको मूल समस्याको रुपमा रहेको छ । भ्रष्टाचार हुनुमा सबैभन्दा बढी हात सार्वजनिक ओहोदामा बस्नेहरुको छ । पछिल्लो समय स्थानीय तहमा समेत भ्रष्टाचार मौलाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी मध्ये एक तिहाई स्थानीय तहका मात्रै छन् । स्थानीय सरकारको नेतृत्वकर्ता स्वऐच्छाचारी ढंगले अगाडि बढ्दा बेथिति बढेको हो । उजुरी मात्रै होइन, जनप्रतिनिधिले मुद्दा समेत व्यहोर्नु परेको छ । घुस, सार्वजनिक सम्पत्तिको हानीनोक्सानी, गैरकानूनी लाभ वा हानी पुऱ्याउने काममा जनप्रतिनिधिहरु संलग्न रहेको पाइन्छ ।

जनताको सेवा गर्छु भनेर खटिएका जनप्रतिनिधिले गलत काम गर्दा जनविश्वास समेत गुम्न पुगेको छ । सार्वजनिक सेवा प्रवाह हुने ठाउँमा भ्रष्टाचार बढ्दै जानुले सुशासनलाई कमजोर बनाएको प्रष्ट हुन्छ । भ्रष्टाचार सुधार नहुँदासम्म सुशासन समेत बलियो हुन सक्दैन । तीनै तहका सरकारको जिम्मेवारीमा बसेकाहरु आफ्नो जिम्मेवारीप्रति इमान्दार रहने, पदीय शक्ति र पहुँचको दुरुपयोग नगर्ने हो भने भ्रष्टाचार सुधारको प्रारम्भ हुन सक्छ । अन्यथा आफ्नो जीवन अपारदर्शी ढंगले चलाउने तर हरेक औपचारिक कार्यक्रमहरुमा सुशासनको भाषण अलाप्ने हो भने भ्रष्टाचार नियन्त्रण सम्भव छैन । तसर्थ यसतर्फ सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

भाँचिएको रुखमा त नयाँ जिवन फुल्दछ भने तिमी किन आतिन्छौं मित्र
धैर्य गर्न सक्नु पर्छ हरेक कूरा को दिन आउँछ ।

*(कमला गुरुङको फेसबुक स्टाटस* *https://www.facebook.com/Kamala.Gurung*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चिन्तन र दृष्टिकोण



## कृष्ण बोहरा

*आणबिक बम र घातक हतियारको पनि बिश्वमा त्यतिकै बिकास भैरहेको छ । केजानी पुनः कुनै सभ्यता यसैगरी नष्ट हुन्छ की भन्ने प्रश्न पनि बार बार उब्जीरहन्छ । पश्चिमा सभ्यताले बिकास गरेको भित्ते पात्रोमा ३६५ दिन र केही घण्टा बराबरको एक बर्ष हुन्छ । यसरी बढ्न गएको घण्टालाई मिलाएर हरेक चार बर्षमा ३६६ दिन बराबरको एक बर्ष हुन्छ । तर हिन्दुले तयार पारेको पात्रोमा ३६० दिन बराबर एक बर्ष हुन्छ । यसमा मलमास र क्षयमास पनि समाबेस हुनेगर्छ । ज्योतिष शास्त्रमा आधारित यस्तो पात्रोमा घडी पोला समेत समाबेस हुन्छ । औंसी पूर्णिमा हरेक किसिमका चाडपर्व र तिथीहरुको घडबड, चन्द्र ग्रहण, सूर्य ग्रहण, खग्रास वा खण्डग्रास ठयाक्कै मिल्छ ।*

हाम्रो समाजमा पश्चिमी देशका बिज्ञान र प्रविधि आधारित भौतिक बिकासले प्रभावित भएर भौतिकवादको प्रचारित भएको देखिन्छ । कि त मार्क्स्वादवादबाट प्रभावित भएर नास्तिकताको दर्शनका कारण भौतिकवादको प्रचार भैरहेको पाइन्छ । तर भौतिकवादको मूल आधार भनेको पदार्थ हो । पदार्थको कारण मानिसमा चेतना पैदा हुन्छ भन्ने भनाइ भौतिकवादीहरुको हो । पहिले पदार्थ त्यसपछि चेतनाको जन्म भयो भन्ने मान्यता यसको हो । कुनै बस्तु जब मानिसले देख्छ यसपछि मात्र त्यस बस्तुको वारेमा धारणा वा चेतनाको जन्म हुन्छ भन्ने हो । जंगलमा जब मानवले कुनै फल देख्यो तव उसले त्यसलाई हेऱ्यो छाम्यो, जाँच्यो र त्यसको नाम यसपछि उसले राख्यो । हामीले देखे खाएका स्याऊ सुन्तला, नास्पाती स्ट्राबेरी आदि फलहरु र त्यसको नाम मानिसहरुले यसैगरी राख्दै गएको हो । यसरी पदार्थलाई प्रधान मान्ने शास्त्र वा दर्शनलाई नै हामी भौतिकवाद भन्दछौं । चेतनालाई पहिलो मान्ने दर्शनलाई आध्यात्मिक दर्शन भनिएको छ । हाम्रो समाजमा यसको आधार भनेको हिन्दु, किरात, मुन्धुम संस्कृति, मुस्लिम संस्कार वा सनातनी धर्महरु आध्यात्मवादका आधारहरु हुन् ।

बहुदलीय व्यवस्थाको सुरुवात भैसकेपछि हाम्रो संविधानमा जव धर्मनिरपेक्षता शब्दलाई राखियो, तबदेखि क्रिश्चियन धर्मको पनि खुबै प्रचार भएको पाइन्छ । सबै खालका धर्महरु आध्यात्मिक चिन्तन र दर्शनका आधारहरु हुन् । यो संसार नै कुनै अलौकि शक्तिबाट बन्यो सारा जीवजन्तु र प्राणी जगतको श्रृष्टि यस्तै शक्तिले गरेको हो भन्ने भनाइ यस दर्शनको हो । पहिले चेतना वा शक्ति त्यसपछि पदार्थ भन्ने मान्यता आध्यात्मिक दर्शनको हो । आध्यात्मवाद वा भौतिकवादी दर्शनको गहिराइमा पुगेर चिन्तन मनन र अध्ययन गर्ने भन्दा हल्लाको भरमा अध्यात्मवाद वा भौतिकवादलाई अंगाल्नेको संख्या अधिक छ । यसो हुनु स्वभाबिक पनि हो, किनकी कुनैपनि कुराको गहिराइमा ज्यादै न्यून मानिसहरु मात्र पुग्न सक्छन् । कतिपय ब्यक्ति आफू भौतिकवादी हुँ भनी गर्व गर्दछन् । उनीहरुलाई आध्यात्मिक चिन्तनको सानातिना नकारात्मक पक्षको राम्रै ज्ञान छ । यसैले यसको खोइरो उतार्छन् । उनीहरु ईश्वर भगवान र मन्दिर आदि अनावश्यक चिज मान्छन् । तर उनीहरुले आफ्ना परिवारका सदस्यहरुलाई पनि यसमा कन्भिन्स गराउन भने सकेका हुँदैनन् । उनीहरु डाक्टर, इन्जिनियर र बैज्ञानिकलाई भौतिकवादका गुरु मान्छन् । बिरामी बचाउन लाख कोशिस गर्दा पनि जब बिरामीको अवस्था अन्तिम हुन्छ अनि डाक्टरले पनि भगवान भरोसा भनेको देख्दा उनीहरु छक्क पर्छन् । बैज्ञानिक स्वयं चर्चमा पुगेको देखेपछि ती दंग पर्छन् । यसैले गहिराईमा पुग्नु र कुनैपनि कुराको देखासिकी गर्नुमा फरक छ । विश्वमा बिकसित अनेक सभ्यतालाई नियाल्दै जाँदा दक्षिण एसियामा बिकास भएको हिन्दु सभ्यता एउटा पुरातन सभ्यता हो भन्न सकिन्छ । सिन्धु नदी भारतीय उपमाहाद्वीपको उत्तर पश्चिम भागमा हिन्दकुश पर्वत श्रृङ्खलाको फेदीमा पर्छ । सिन्धु नदीको किनारमा बिकसित सभ्यता नै हिन्दु सभ्यता हो । हिन्दु धर्म र आस्थाको बिकास पनि यहींबाट भएको भन्ने छ । यो करिब ५००० बर्ष पहिलेको कुरा हो । हिन्दु सभ्यता र संस्कृत भाषा नै विश्वको सबै सभ्यताहरुको जननी हो भन्ने कुरा बिस्तारै सबैले मनन गर्दै गएको बुझिन्छ । यसमा चिकित्सा बिज्ञान, आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धती, योग बिज्ञान, ज्योतिष शास्त्र वास्तु शास्त्र शिष्टाचारका विधि, नैतिक शिक्षा, तान्त्रिक विद्या जस्ता अनेक जीवन प्रणाली र सामाजिक जीवनसँग सम्बन्धित बिषयका शिक्षाहरु थिए । केही बर्ष पहिले नेपालको टेलिभिजनले प्रशार गरे अनुसार हिन्दू पूर्व सभ्यताका पौराणिक ग्रन्थहरु लण्डनमा १०६ बाक्सा संकलन गरेर राखिएको छ भनिएको थियो । सोको अध्ययन अनुसन्धानमा धेरै बैज्ञानिकहरु खटाइएको कुरा सुन्नमा आएको हो । यसमध्य एकजना नेपाली बैज्ञानिक पनि रहेको कुरा पनि सुचित गरिएको थियो। यस्ता ग्रन्थहरु सबै उनीहरुले हाम्रो यतैबाट लगेका हुन् । उनीहरुले यसको महत्व देखे । यी सबै कवाडी बस्तु भए उनीहरुले यति महत्व दिने थिएनन् भन्ने हामीले बुझ्नु आवश्यक छ । हिन्दु सभ्यताको बारेमा यसको दार्शनिक अध्ययन गर्दै गर्नुभएका तार्किक ब्यबहारिक र दार्शनिक ब्यक्तित्व एबिन्द्र न्यौपानेका अनुसार उहाँ सन १९८६ मा लाङटाङ जाने क्रममा, "इजराइल, डेनमार्क, क्यानेडियन, जापनिज र स्विडेनका पर्यटकहरुसँग बिभिन्न देशको बिकास र सभ्यताको बारेमा कुरा गर्दै गर्दा स्पेनकी एक जना आठ भाषाका बिशेषज्ञ महिलाले उनीहरुको देशमा संस्कृत भाषा पनि पढेको कुरा गरिन् ।" तपाईं कुन भाषाको बिषेषज्ञ भनि उहाँले प्रश्न गर्दा, "६ वटा अन्तर्राष्ट्रिय भाषा तथा स्पेन भाषा र ल्याटिन भाषामा बिशेषज्ञता हासिल गरेको उत्तर दिइन्।" ल्याटिन भाषा कुन देशको भाषा हो ? भन्ने प्रश्नमा, "बोलिने कि मृत भाषा" भनि प्रश्न गरेकी थिइन् । मृत भाषा भनेको के हो भन्ने प्रश्नमा उत्तर यस्तो थियो, "बिभिन्न कालखण्डहरुमा बिभिन्न देशहरुको बिकास हुँदै र ध्वस्त हुँदै जाने क्रममा पहिला बिकास भएका भाषा संस्कृति र सभ्यताले निरन्तरता पाउन नसकी केही शताब्दीसम्म रोकिनाले त्यसको ठाउँमा नयाँ भाषा संस्कृतिको बिकास भै पहिलाको भाषा बोलीचालीमा नआई पौराणिक पुस्तकहरुमा मात्र पाइन्छ । यसैलाई मृत भाषा भनिन्छ । जस्तो हिन्दुस्तानको संस्कृत भाषा, ग्रीकको ग्रीक भाषा, इटालीको ल्याटिन भाषा मृत भाषा हो ।" सबैभन्दा पहिले बिकास भएको सभ्यता हिन्दु सभ्यता नै हो। थोरै शब्दमा धेरै अवधारणा बोक्ने भाषा पनि संस्कृत नै हो । बैज्ञानिकहरुका अनुसार अन्तरिक्ष यात्रीलाई पृथ्वीबाट सूचना प्रवाह गर्ने क्रममा कुनै पनि भाषामा सूचना पठाउँदा प्रष्ट बुझ्ने गरी नपुगेको तर संस्कृत भाषामा पठाउँदा हुवहु सूचना पुगेको परीक्षणबाट साबित भएको भन्नेछ । महाभारतको युद्धमा पहिलो र दोश्रो बिश्व युद्धमा प्रयोग भएको घातक हतियार भन्दा पनि बिषालु हतियार प्रयोग भएको थियो । यसबाट त्यसबेलाको प्रबिधी र भौतिक संरचनाहरु पूरै ध्वस्त भयो । यस युद्धमा बिद्वान, दार्शनिक, साहित्यकार, राजनीतिक नेता र प्राबिधिकहरु समेत सबै सक्किए । हडप्पा र मोहनजोदाडोको जुन कुरा आएको छ, मोहनजोदडो भनेको मृत्युको थुप्रो भन्ने अर्थ लाग्छ । यो सिन्ध भाषाबाट आएको शब्द हो । जसबाट यस सभ्यता कहिलेइ उठ्न नसक्नेगरी थला पऱ्यो भन्ने भनाइ पश्चिमका मानव शास्त्री र पत्रपत्रिकाबाट पनि पढ्न पाइन्छ । यसको केही शताब्दीपछि हिन्दु मुसलमान युद्धमा बचेखुचेका सबै सभ्यताको ध्वंस र अन्त्य भएको थियो । माहाभारत युद्धमा बिषालु अस्त्रको कारण माटोमा असर परेकाले बनस्पतिमा उत्पादन कम भयो। मानव र पशुपंक्षी पनि कमजोर प्रकृतिका भए । जसबाट पूर्वीय यानी हिन्दु सभ्यतामा ह्रास आई गरिबीबाट गुज्रिनु पऱ्यो । यसैले हामी धनी पुर्खाका गरिव सन्तान हौं भने पश्चिमाहरु गरिव पुर्खाका धनी सन्तानहरु हुन् । बिश्वका सभ्यताहरु पनि घुमिरहन्छन् भन्ने पनि एकाथरीको मत छ। अहिले पश्चिमका युरोप अमेरिका मात्र हैन, चिनियाँहरु अझ सम्बृद्ध बनिसकेका छन् । आणबिक बम र घातक हतियारको पनि बिश्वमा त्यतिकै बिकास भैरहेको छ । केजानी पुनः कुनै सभ्यता यसैगरी नष्ट हुन्छ की भन्ने प्रश्न पनि बार बार उब्जीरहन्छ । पश्चिमा सभ्यताले बिकास गरेको भित्ते पात्रोमा ३६५ दिन र केही घण्टा बराबरको एक बर्ष हुन्छ । यसरी बढ्न गएको घण्टालाई मिलाएर हरेक चार बर्षमा ३६६ दिन बराबरको एक बर्ष हुन्छ । तर हिन्दुले तयार पारेको पात्रोमा ३६० दिन बराबर एक बर्ष हुन्छ । यसमा मलमास र क्षयमास पनि समाबेस हुनेगर्छ । ज्योतिष शास्त्रमा आधारित यस्तो पात्रोमा घडी पोला समेत समाबेस हुन्छ । औंसी पूर्णिमा हरेक किसिमका चाडपर्व र तिथीहरुको घडबड, चन्द्र ग्रहण, सूर्य ग्रहण, खग्रास वा खण्डग्रास ठयाक्कै मिल्छ । हिन्दुहरुको पात्रो पृथ्वीलाई चन्द्रमाले घुम्ने गतीको आधारमा तयार पारेको छ भने पश्चिमाहरुले तयार पारेको पात्रो सूर्यलाई पृथ्वीले घुम्ने गतीको आधारमा तयार पारेको हो । हिन्दुहरुले तयार पारेको पात्रो बढ्ता एकुरेट भएको तथ्य माथिको उदाहरणबाट बुझ्न सकिन्छ । बेदमा एटोमिक फिजिक्स, बोटानी, जेनेटिक इन्जिनियरिङ, जुलोजी र बायो केमेष्ट्री जस्ता बिषय पनि थिए भन्ने छ । तर यस बाहेक कर्मकाण्डी र पुर्खाले कुन सन्दर्भमा के चलन चलाएका थिए त्यसको हुबहु नक्कल गर्ने चलन मात्र बढेकाले हिन्दु संस्कार र सभ्यताको बदनाम भैरहेको छ । संस्कृत भाषालाई बाउनले बोल्ने भाषा भनेर खिसी टेउरी गरिन्छ । गहिराइमा नपुगेर नक्कल मात्र गर्ने प्रबृतिले हामीलाई यहाँ सम्म पुऱ्याएको हो । पश्चिमाहरुको नक्कल पनि हामी आजकल यसरी नै गरिरहेका छौं । एकाथरी हरिप पश्चिमेलीहरु हाम्रो जाति, भाषा भाषीहरुलाई उचाली साम्प्रदायिक युद्ध भडकाउन चाहन्छन् । अर्का खुराफाती एकदुईजना नेपाली नेता संसदमा मध्य रातमा संबिधानमा धर्मनिरपेक्ष राख्न सफल हुन्छन् । नबुझी ताली ठोक्ने जमात सर्बसाधारण मात्र छैनन् त्यो त नेपालको संसदमा पनि देखियो । स्वयं दिवंगत नेता गिरिजाप्रसाद कोइरालाले पनि त्यो कुरा पछि मात्र थाहा पाए । धर्मनिरपेक्षता सम्बन्धमा उनले पपिछ गरेको टिप्पणीले यो कुराको जानकारी हुन आयो ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुन सक्छ, तर धार्मिक कार्यमा मन चैं लाग्नेछ । | **तुला** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |
| **वृष** : आकस्मिक लाभ प्राप्त हुने छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने र बौद्धिकताको विकास हुनेछ । |
| **मिथुन** : घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । | **धनु** : कठोर परिश्रम गर्नुपर्ने समय छ । दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : मित्रबाट सहयोग मिल्नेछ । भोलि कतै घुम्न जाने योजना पनि बन्न सक्छ । | **मकर** :धनलाभका योग छन्। स्वास्थ्यमा खानपिनको विशेष ध्यान राख्नुहोला। |
| **सिंह** : प्रयत्न गरेका कार्य सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। | **कुम्भ** : नयाँ कार्यको रूपरेखा बन्नेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। |
| **कन्या** : आफ्नो कुराहरू अगाडि राख्नुहोस्। खर्चमा नियन्त्रण राख्नुहोला। | **मीन** : रोजगारको नयाँ अवसरहरू मिल्नेछ। यात्रा गर्दा सामानको जिम्मेवारी स्वयं राखौं। |

# साहित्य दर्पण

निबन्ध ● प्रमाण अधिकारी

## कुर्सीको महिमा

म अहिले कुर्सीमा बसेर कुर्सीकै बारे केही लेख्न खोज्दैछु । पहिले कुर्सी नहुँदा भुइँमै बसेर, घुँडा धसेर, पलेँटी कसेर वा वाल्मिकी टेबल प्रयोग गरेर पनि मानिसले लेखपढ गर्थे । अहिले पनि धेरैले गर्छन्ह तर शरीरलाई सुविधा हुने हिसाबले पनि कुर्सीमा बस्नु फाइदाजनक हुने व्याख्याका कारण यसको प्रयोग बढेको छ । कुर्सी अझ बढी प्रयोग हुने भनेको त कार्यालय, अड्डा, अदालतमा हो । मानिस कुर्सीमा बस्नेभन्दा पनि कुन हैसियत, ओहदा र तहको जिम्मेवारीले कुर्सीमा बसेको छ, त्यसले कुर्सीको महत्त्व पनि फरक फरक रूपमा कायम भएको मानिन्छ । एक दशक अघिको एउटा कुर्सीको प्रसङ्ग दिमागमा झट्ट याद आयो । कीर्तिपुरमा स्नातकोत्तर पढ्दाताका पुस्तकालयमा काम गर्ने एकजना कर्मचारीको निकै चर्चा भएको थियो । उक्त चर्चा उनी कुर्सीमा बसेर भन्दा पनि कुर्सीमा नबसिकन उठेरमात्र काम गर्ने हुँदा नेपालमा धेरै उभिने व्यक्तिमध्येका एक बनेका थिए । यतिखेर मैले उनको नाम सम्झन सकिन । उनलाई गुगल, च्याट जीपीटी र डीपसीकमा पनि खोजेँ तर कतै भेटिएनन् । उनलाई धेरैले उठीउठी काम गर्ने भनेर चिन्थे । कतिपयले अझै पनि सम्झिरहेका होलान् । कुर्सीको वास्ता नगरीकन सधैँ काममा खटेर ऐशआरामको चाहना नराख्नु एउटा कर्मचारीको प्रशंसनीय पक्ष हो । यो पक्ष साँचो अर्थमा सार्थक भए उनको अनुकरण अरू कर्मचारीहरूले पनि गर्न आवश्यक छह तर 'कुर्सीमा नबस्ने व्यक्ति' भनेर चिनिनका निमित्तमात्र कुर्सीत्याग गरिएको हो भने त्यस किसिमको कुर्सीत्याग देखावटी ढोँगमात्र ठहर्छ । उनीसँग अथवा उनीजस्तै उभिन रुचाउने मानिससँग काम पर्दा र व्यवहार गर्नुपर्दा कार्यालयमा पुगेका भुक्तभोगीहरूले यसको रहस्य बुझेका होलान्ह तर मैले त्यो रहस्य बुझ्ने सौभाग्य पाउन सकिन । यस्तै किसिमको अर्को प्रशंसनीय तर केही शङ्का भने लागिरहने विषय जनप्रतिनिधिले नलिने गरेको उनीहरूको मासिक तलब पनि हो । आर्थिक रूपमा सक्रिय रहने उमेर भएका बेला प्रशस्त धनोपार्जन गर्न सफल भएका, आधारभूत आवश्यकताका लागि दुईतीन पुस्तालाई पुग्ने अवस्था बनाउन सफल भएका कतिपय व्यक्तित्व हाम्रो समाजमा नामका लागि र फुर्सदिलो नहुनका लागि स्थानीयदेखि राष्ट्रिय राजनीतिमा लाग्ने, समाजसेवी हुने चलन त स्थापित भइसकेकै छ । स्थानीय विकास निर्माणका काममा चाहिने उपकरणको स्वामित्व भएका, छोरा अथवा ज्वाइँलाई ठेक्कापट्टामा लगाएका कतिपय वडाका अध्यक्ष, पालिकाका प्रमुखहरू, प्रदेश र सैका नेताहरूले उनीहरूले पाउने मासिक तलब नलिएको समाचार हामीसम्म विभिन्न माध्यमबाट आइपुग्छन् । तलबभन्दा कैयौँ गुणा बढी रकम, लाभ वा सुविधा अप्रत्यक्ष माध्यमबाट आउने वा आइरहने भएपछि यो बठ्याइँ नबुझ्नेका लागि 'तलब लिन्न' भनेर सार्वजनिक गरेका कुराले उनीहरूको व्यक्तित्वमा इमान्दारिताको लेपन कसो नलाग्ला र ? कुर्सीको महत्त्व बुझेका त्यसप्रकारका बाठा नेताले इमान्दार छविको निर्माण गर्दै जाने तर काम कम र कुरा बढी गर्ने गरेको जगजाहेर नै छ । तथापि गाउँपालिका वा नगरपालिका प्रमुख भएर पनि गाडीको सुविधा नलिएका बरु त्यस गाडीलाई एम्बुलेन्सका रूपमा गाउँलेकै सेवामा लगाएका एकाध उदाहरण पनि हाम्रा सामु छन् । त्यस्ता इमान्दार व्यक्ति पनि कुर्सीमा छन् तर कुर्सीमा बसेका अर्काथरी बाठा व्यक्तिका कारण इमान्दार जति छायाँमा पर्ने र भविष्यमा कुर्सीमा बस्न नपाउने अवस्था आएका पनि थुप्रै उदाहरण हामीलाई ज्ञात नै छ । जीवनका हरेक पक्षहरू कहीँ राम्रा भएर, कहीँ नराम्रा भएर, कहीँ सामान्य भएर र कहीँ जटिल भएर आफ्नो विशिष्टता कायम गर्ने हुन्छन् । गहिरिएर अध्ययन गर्नेहरूले कसैका पनि ती विशिष्टतालाई ठम्याउन सक्छ । भनेका र सुनेका भरमा कसैको वास्तविकता ठम्याउन सकिँदैन । कुर्सीत्यागका प्रसङ्गबाट ती विभिन्न महानुभावहरूको विशेषता सामान्य रूपमा जानकारी हुन्छ तापनि विशेष रूपमा गहिरिँदा त्यो कुरो तलमाथि पनि पर्नसक्छ । म यसै भनेर किटान गर्न सक्तिन । म अहिले पाँचखुट्टे पाङ्रे-कुर्सीमा छु । यसको महत्त्व विशेष किसिमको छ । कार्यालयका हाकिमहरूले प्रयोग गर्ने, जताततै घुमेर बस्न मिल्ने कुर्सी भएकाले यसलाई घुम्ने कुर्सी पनि भनिन्छह तर म अहिले जुन स्थितिमा यो कुर्सीमा बसेको छु, यो सामान्य रूपमा रहेको छ । एउटा सुसाङख्यमा काम गर्दा बस्नका निमित्त तयार गरिएको यो कुर्सी घुम्ने किसिमको भएपनि यसलाई अहिले घुम्ने कुर्सी भन्न मिल्दैन । कुनै कर्मचारी, हाकिम आदि बस्ने परिवेशमा नरहेको हुनाले यसलाई सामान्य कुर्सी भन्नुपर्छ । स्थानविशेषले, कालविशेषले, व्यक्तिविशेषले वस्तुको मूल्य र मान्यता अलग-अलग हुन्छ । यही कुर्सी कुनै कार्यालयमा रहेको भए यो ओहदावालाको कुर्सी भनिन्थ्यो । यसतिर ताकेर हेर्ने आँट सितिमितिमा आउन सक्तैनथ्यो, तर यसलाई सुसाङख्य कक्षमा राखिएको हुँदा यसमा जो पनि बस्नसक्छ र सीप र सामर्थ्य हुने जसले पनि ताक्न सक्छ । सुसाङख्यलाई जीवनको अभिन्न अङ्ग मान्ने आजका सबै युवाहरूका निमित्त यो कुर्सी सुलभ छ । यसमा बस्न नसक्ने प्रश्न आउँदैन, बसिन्छ, त्यसैले यसको महत्त्व ठुलो छैनह तर यही कुर्सी कुनै कार्यालयमा हुन्थ्यो भने यसको ठुलो महत्त्व हुन्थ्यो । कुर्सी असामान्य हुन्थ्यो, विशिष्ट हुन्थ्यो । धेरैले त्यस कुर्सीबाट आशा राखेका हुन्थे । अपेक्षा राखेका हुन्थे । त्यस कुर्सीमा बसेका व्यक्तिका कारण कसैको जीवन चलेको हुन्थ्यो । कसैलाई सजिलो पारेको हुन्थ्यो । कसैलाई असजिलो । यही कुर्सी पाउन यहाँ मान्छे हारालुछ गर्छन् । आफ्नो पालोभन्दा पहिला पाउन हत्ते गर्छन् । कोही आफ्नो कुर्सीको बास टिकाउन अनेक जाल बुन्छन् । कुर्सीकै कारण यहाँ चाकडी, चाप्लुसीजस्ता भाटप्रवृत्ति मौलाएका छन् । बन्धुत्व, भ्रातृत्वको भाव धुमिल हुँदै गइरहेछ । आवधिक निर्वाचनका समयमा सुनिने नेताको महत्त्वाकाङ्क्षी भाषण, बाँडिने पार्टीको घोषणापत्र यही कुर्सीमा पुगेपछि कता हराउँछ कता । जनताको सेवा, राष्ट्रको सेवाका लागि भनेर कुर्सीमा पुगेको मानिस कुर्सी पाएपछि स्वयंको सेवामा निर्लिप्त भएर लाग्छ, स्वयंसेवा र पहिले जनाएका प्रतिबद्धता बिर्सन्छ । यसैले कुर्सीको महत्त्व सङ्कीर्णतामा व्यापकता र व्यापकतामा सङ्कीर्णताको प्रतीक बनेर देखापर्छ । मानिसले कुर्सी पाएपछि त्यससँगै प्राप्त गर्ने अधिकारले त्यसको महत्त्व बढाएको हामीले बुझेकै छौँ । कुर्सी एउटा प्रतीक हो, कुनै पनि व्यक्तिलाई प्राप्त अख्तियारको । हामीले यसो गमेर विचार गर्ने हो भने, हाम्रा देशमा औँलामा गन्न सकिने राजनीतिक दल सधैँ आलोपालो सत्ताको कुर्सीमा विराजमान हुन्छन् । मानौँ कि त्यो कुर्सीमा बस्न पाइएन भने ठुलै हलचल हुनेछ उनीहरूको जीवनमा । सर्वसाधारण जनताको जीवनमा हलचल आएर व्यापक जनमुखी परिवर्तन देख्ने हाम्रो धोको त पूरा हुन पाएको छैन । राजनीतिक दल र सत्तामा हुँदा तिनीहरूले गर्ने राजनीतिक नियुक्ति पनि बडो गजबको छ । घरिघरि त लाग्छ यो कस्तो माखेसाङ्लो हो जहिले पनि जसरी पनि दोहोर्याइ तेहराइ तिनै मान्छे महत्त्वपूर्ण मानिएका निकायहरूका कुर्सीमा पदस्थापन गरिन्छन् । यो कुर्सीको साइनो सत्ता र शक्तिका लागि अति महत्त्वको विषय रहेछ । माथि सिरानमा उल्लेख गरेका व्यक्ति पनि कुनै कार्यालयमा जागिरे थिए, तसर्थ उनीसँग पनि निश्चित अधिकार हुने नै भयो । कुर्सीमा बसेपछि त्यसको सान्निध्यले अधिकारको दुरुपयोग हुनसक्छ भन्ने डर उनमा रहेछ भन्ने उनका अन्तर्वार्तामा आउने सधैँका भनाइबाट बुझिन्थ्यो । कुर्सीमा बसे पनि नबसे पनि सम्बन्धित व्यक्तिले आृनो निश्चित कार्यसम्पादन त गर्छ नै । यदि आृनो अधिकारको दुरुपयोग गरिन्छ भने त्यो बेला कुर्सीमा बसेकै हुनुपर्छ भन्ने पनि छैन । कुर्सीमा बसेर गर्नुपर्ने काममात्र पनि सबैले गर्थे भने यी गुनासाका पोका खोलिरहन जरुरत पनि पर्दैनथ्यो । कार्यालयका कुर्सीमा मात्र नभएर होटलका कुर्सीमा, रेष्टुरेन्टका कुर्सीमा, चिया पसलका कुर्सीमा र यदाकदा बाटाघाटाका छेउछाउमै अतिरिक्त लाभका रकम बुझ्दै गरेका अवस्थामा कतिपय राष्ट्रसेवक कर्मचारी रङ्गेहात पक्राउ खाएका घटना समाचारका रूपमा आइरहेकै हुन्छन् । कुर्सीमा बस्ने इमान्दार, नैतिक र देशभक्त हुनसक्छ अनि कुर्सीमा नबस्ने बेइमान, अनैतिक र भ्रष्ट पनि हुनसक्छ । संसार नबुझेको अनि समयानुकूल चल्न नजानेको भनिन्छ । पाएर नखाने, पाएर नलिने मानिसको नियत असल छैन भनेर अरूहरूले शङ्का गर्छन् । अठार घण्टा उभिएर काम गर्ने व्यक्तिका रूपमा परिचित माथि उल्लेख गरिएका ती महानुभावले त्यस्तो विशेष लाभ लिन खोजेको बुझिँदैन, त्यसैले उनले सधैँ उभिएर काम गर्नु उपयुक्त थिएन । क्षणिक चर्चाका लागि शारीरिक कष्ट उठाउँदा त्यो कष्ट पछि रोगको कारण हुनसक्छ । चिकित्सकहरूका अनुसार धेरै समय उभिने वा उभिएर काम गर्ने व्यक्तिलाई 'भेरिकोज भेन' भन्ने रोग लाग्दो रहेछ । यसले नसाहरू सुन्निने समस्या हुँदो रहेछ । भौतिक रूपमा कुर्सीका सन्दर्भलाई यसरी एउटा बस्ने साधन मानिएपनि यो मानव अस्तित्वका रूपमा ऐश्वर्य र सम्पत्तिको प्रतीक बनेको छ । यस किसिमको कुर्सी छोड्न मान्छेलाई सजिलो छैन । संस्कृतमा एउटा प्रभावशाली उक्ति छः

***अधिकारञ्च गर्भञ्च ऋणञ्च स्वानमैथुनम् आगमे सुखमाप्नोति निर्गमे प्राणसङ्कटम् ।***

अधिकार, गर्भ, ऋण र स्वानमैथुन प्राप्त गर्दाखेरि सारै आनन्द हुन्छ तर त्यो फिर्ता गर्दाखेरि प्राणसङ्कट पर्छ भन्ने यस भनाइले कुर्सी छोड्ने कुरा सजिलो छैन भन्ने जनाउँछ । यही असजिलाले गर्दा हाम्रा समाजमा देखापरेका नेता, बुद्धिजीवी, विद्वान्, कर्मचारी आदि किसिमका व्यक्तिहरू कुर्सी छोड्न नसकेर आफ्नो बदनामी भएको कुरा पत्ता पाउँदैनन् ।

***-समकालीन साहित्य डटकम***

कथा ● हरीश बमजन

## अनि एउटा मान्छे घरभित्र पस्छ

ऊ टेक्दै जाँदैछ, टेक्दै जाँदैछ, कालो सडकलाई - धेरै धेरै असफल पैताला छाप प्रिन्ट भएका कालो छिप्पट सडक । टेक्दै जाँदा टेक्दै जाँदा कीरा गिजिकगिजिक भएको ठाउँमा पुग्छ । उसका आँखा मात्रै सलबलाइरहेका बेअर्थका कीराहरू माथि परिरहेछन् । एक झमट ऊ आफूलाई पनि त्यस्तै कीरा सम्झिदिन्छ । फेरि ऊ आफैलाई चिमोट्छ, धेरै मान्छेहरूले आफूलाई हेरिरहेका हुन्छन् । उसलाई झनक्क रीस उठ्छ । उसका आँखाले केही देख्तैनन् । अहिले ऊ आफूलाई धेरै धेरै माछा सलबलाइरहेका पोखरीको डीलमा पाउँदछ । उसलाई माछा मार्ने रहर हर्हर तिर्खाउँछ । उसलाई कुन मारूँ, के गरूँ हुन्छ । धेरै पाउँदाको चञ्चल स्वभाव । आफूसित जाल नभएको, बल्छी नभएको, नल नभएको खट्को अमिलिन्छ ।

एउटा डाइनामाइट हुँदो हो त पोखरीका जम्मै माछा मारिदिने थिएँ । मार्नुको भावनाले उसलाई पुलिसको डर लागेर आउँछ, नियम-कानून, समाज र सरकारको डर लागेर आउँछ । आफू उभिएको ठाउँलाई एक लात कस्छ । कडा भुइँमा ठोकिँदा उसको दाहिने खुट्टाका औंला जुत्ताभित्रबाटै धेर दुखेको थाह हुन्छ । उसका आँखा आफू वरिपरिका परिवेशमा दौडन्छन्, उसको फटाहा मन फेरि आफूभित्र आइदिन्छ । चौकबजारमा लाटो जस्तो, बौलाहा जस्तो, चोर जस्तो बेअर्थको भएर उभिबसेको रहेछ । यति बिघ्न मानिसहरू यति बिघ्न आवाजहरू आएर एकैचोटि कान र आँखामा कोचरिन्छन् । ऊ सकपकाउँछ, छटपटिन्छ, आफूलाई हिलोमा अथवा ग्याँस च्याम्बरमा उकुसमुकुस भएको जस्तो लाग्छ । त्यति नै वेला आँखा, नाक, मुख सलग्गै आफू जस्तो एउटा ठिटो आएर नमस्कार गर्दै भन्छ, "नमस्कार सर !" नमस्कार थाप्दै उसले सम्झन्छ : म एउटा स्कूल मास्टर, यसरी यो केटोले देख्ने गरी मैले यस्तरी नउभिदिनुपर्ने थियो । अघिल्लो दिन नैतिकता उपर आफूले दिन सकेको व्याख्यान सम्झ्यो । उसको मास्टरको मन अतासिएर आयो, चुँडिएको फूल जस्तो ओइलिएर आयो । यहाँ उसलाई मास्टर भनेर चिन्ने मान्छेहरूले उसलाई लोफर ता सम्झिदिएनन् ! अहिले उसलाई आफू मास्टर भइदिएकोमा दु:ख लागेर आयो । म किन क्लर्क बनिदिइनँ, पसले किन भइदिइनँ, पसलमा शाक-पात, लुगा-फाटा किनिदिने साधारण ग्राहक किन भइदिइनँ । ऊ आफूलाई अहिले सरापिरहेको थियो । एक मनले भन्यो, होस्, यस्तो मास्टरी काम अब छोडिदिन्छु, फेरि कता कता कुनामा मास्टरीको लोभ बसेको पनि थाह लाग्छ । मास्टर भइदिनु कत्रो धाक ! वेला वेलामा कच्चा अम्बक जस्ता युवकहरूलाई दर्शनशास्त्र छाँटेर बाठो भइदिने तथा ट्यूशन पढाउँदाका नरम मासुहरू सुमसुम्याउन पाउने मौका ! फेरि मास्टर काम छोडिदिएर के गर्ने ? उसको मगज सल्याङ मल्याङ भएर आउँछह जिन्दगीमा धेरै धेरै चीजको कमी महसूस गर्छ । उसलाई त्यहाँ बसिरहनु सजाय पाउनु, सास्ती पाउनु जस्तो लागेर पाउँछ । त्यहाँबाट हिंड्नलाई के चलमलिएको हुन्छ, झट्ट हेर्दा राम्री लाग्ने तर हेरिरहँदा नराम्री देखिने केटीले बेपर्वाहसित भनिदिन्छे, "दाज्यू, ओ दाज्यू ।" उसले रंग उडिसकेको फूल जस्ती त्यो युवतीलाई झ्वाम्मै हेरिदिन्छ । यस्तरी छेवैबाट त्यस्तरी झ्वाम्मै हेरिदिंदा उसलाई नमीठो कुरा खानुपरेको जस्तो लाग्छ । उसको अहिलेसम्म रहेको मास्टरी फदयमा कसैले सुँगुर घोचिदिए झैं लागेर आउँछ । बाहिर बाहिरै सम्झिरहेको उसको मन भित्री सम्झन पुग्छ अनि आफू रक्सी पिउन जाने घर सम्झ्यो । त्यो घर उसको आँखाले देखिसकेपछि त्यो केटीको चेहरा आफै आफ आउँछ । त्यो केटीका छाडा कुराहरू आएर उसको मन एकतमासको हुन्छ । आफू मात्दै गएको सम्झन्छ, जिब्रो मोटो हुँदै गएको थाह लाग्छ । अनि आफू पनि त्यो वातावरणमा त्यो युवतीको सस्तो मुस्कान पाउने लोभमा त्यस्तै कालो रातमा कालो हुँदै गएको सम्झन्छ । केटीको थलथलाउँदो छातीमा हात राख्न पाउँदा सधैँ सधैँ त्यस्तै कालो रातमा माती बस्न पाए हुनेथियो : उसको निम्ति मात्र त्यो कोठा त्यसरी रक्सीको दुर्गन्धमा निकै लामो रात टाँगिएर बसिदेओस् भनेर मतवाला मनले सम्झिदिएको कुरा तिक्खर भएर झोल कुरा भइदिन्छ अनि ऊ ठुँगामा ठोकिन पुग्छ : यथार्थ कति चाम्रो, सम्झेर उसको खप्परमा दह जम्दछ केवल यति पानी कुराले अहिले कुरी कुरी लागेर आउँछ, छातीभित्र लाज कस्तो-कस्तो हुन्छ । ऊ त्यहाँ कति साधारण मान्छे भइदिन्छ, म्यूनिसिपलको च्यामे जस्तो, मासु बेच्ने कसाई जस्तो, दिनभरी काम गर्ने पाखुरे जस्तो, मोटर हाँक्ने चालक जस्तो, मातेर स्वास्नी पिट्ने मत्थु लोग्ने जस्तो : ऊ पनि ता रक्सी पिएर झगडा गर्न सक्छ, मान्छे मार्न सक्छ, त्यो केटीलाई जबर्जस्ती बलात्कार गरेर, पैसा नतिरेर थाना पुग्न सक्छ । 'दाज्यू, रात छिप्पिसक्यो, हामीलाई सुत्न नदिने ? मान्छे मातेपछि सब एकनास भइदिन्छ ! खोइ, अघि आउँदाको भद्रता, मीठो बोली ? भो, भो, एक तुर्को छैन ? छाडा, के म सबै रक्सी खान आउनेको नखाई नहुने पानी जस्तो चीज हूँ ! छोडिदेऊ मेरो छाती ! जाऊ, यहाँ अरू गाहकीले पनि ठाउँ पाउनुपर्छ !' फेरि मन आफ्नै ठाउँमा आएर बस्छ । अहिलेसम्म उसले आफूलाई एउटा बदमाश मान्छे सम्झिरहेको रहेछ । मन पनि नरमाइलो भइराखेको रहेछ । छिः छिः आफूलाई ऊ काग जस्तो सम्झिरहेको थियो, तुवाँलोमा पोतिएको एउटा नियास्रो दिन जस्तो आफूलाई लाग्दै गइरहेको रहेछ । उसका आँखाले वरिपरिका घरहरू, हाटहरू, मानिसहरू अहिलेसम्मन् व्यर्थैमा हेरिदिरहेका रहेछन् । ती कुराहरूमा उसले केही ठोस विचार सम्झन सकेकै रहेनछ । एउटा नराम्रो दह छातीमा जमिसकेको रहेछ, सङ्ल्याउँदै उसले राम्रो बन्ने कोशिश गर्यो । प्यान्टका गोजीमा हात हाल्यो । शाक-पात किन्दै गरेकी एउटी युवती आइफल जस्तै राम्री, शाक जस्तै हरियो लागेर आयो । ऊ त्यतैतिर बढ्यो । बाटामा दुईचार मान्छेले उसलाई हेल्लो भने, हात उठाए । उसलाई गर्व लाग्यो । आफ्नो सूट र टाइलाई हेर्यो, कुकुरको नाक जस्तो चुच्चे जुत्तालाई हेर्यो । आफूलाई एउटा सुखी जीउ सम्झेर निकै परसम्म हिंड्यो । उसलाई देखेर एउटा घरको झ्यालका दुई फूलहरू हल्लिए । रगतको एक थोपो बनाउन कति चीज खर्चनुपर्छ ! अहिले उसलाई राम्रो वस्तुसित विरोध उब्जेर आयो । एउटा राम्रो र नराम्रो फूल ओइलिएर आएपछिको जरा-कुरा सम्झियो । सबै मासुको ल्याथ्नो हो, सबै कुहेर जाने कुरो हो ! उन्यू पनि त्यस्तै हो, नर्सरीको फूल पनि त्यस्तै हो, म पनि त्यस्तै हुँ, झ्यालका युवतीहरू पनि त्यस्तै हुन् । हिंड्दा हिंड्दै उसले सम्झिरहेको थियो । उसका दुई खुट्टा मात्र कालो सडकमा कुनै तोकिएको ठाउँमा पुग्नलाई हिंडेर जाँदै रहेछन् - बिहानी निस्कँदाको माउ विचारमा ! उसको कल्पना कता कता पखेटिएर उडिरहेको रहेछ, गिदीले फूल विषयमा विचारिसकेर सबै कुहेर जानेहुन् भनेर निर्णय घोप्टाइसकेको रहेछ । जाँदाजाँदै एउटी राम्री केटीले साइनबोर्ड भइदिएर हाँसिदिइन् । उसलाई त्यो युवती आफूलाई हेरेर व्यर्थैमा हाँसिदिइन् जस्तो लागेर आयो । बरु नहाँसिदिएर सोझै हिंडिदिएकी भए शायद उसले त्यो केटी विषयमा एक क्षण सोचिदिने थियो । उसले मनमनै कुरा गर्यो । तिनी व्यर्थैमा हाँसिन्, बरु त्यो मुस्कान भविष्यलाई साँचेकी भए राम्रो हुने थियो : सम्झदै थियो, ऊ तोकिएको ठाउँमा पुगिसकेको थियो । त्यो कुरो त्यही लछेप्रो भएर बस्यो । ऊ भित्र पस्यो । लटरम्म मानिस भक्रेल्ती भएका ठाउँमा पुग्दा उसको होश ढुङ्गा भयो : म त यहाँ कवि भएर कविता पाठ गर्न आएको छु । ऊ पक्का कवि भइसकेको थियो । मुख्य-पाहुनाको बेन्चीमा बस्नुअघि नै उसले आफूलाई कवि सम्झिदिइसकेको थियो । उसको यथार्थ सोलोडोलोका बौद्धिक कविताहरू सुनेर यी भक्रेल्तै मानिसहरूले के अर्थ लगाइदिने हुन् जिन्दगीलाई च्याप्टो भित्ता मात्र सम्झिदिने यी सेलिँदै गएका मान्छेहरूले कविता सुनेपछि के विचार लिनेहुन्ह ऊ फिटिफिटी थियो । एकपल्ट सारा मानिसलाई हेरिपठायो । यी बाहिरबाट रसालु देखिने मानिसहरू देखेर उसको कवि-फदयमा रस जमेर आयो । उसले आफू जस्तै अरू कविहरूलाई हेर्यो । हात-खुट्टा, आँसु-पसिना र आँखा-कानमा बाँचिदिने जीउहरूभन्दा भिन्नै लागेर आयो आफूलाई विशिष्ट लागेर आयो । नयाँ नयाँ प्रतीक र नीला-नीला प्रयोगका उसका कविता जहाँ उसले जिन्दगीलाई सोलोडोलो रूपमा हेर्नसकेको छ । उसले मानिसहरूलाई ख्याउटे देख्न थाल्यो, छाती भासिएका, आँखा गाडिएका एउटा धमिलो आकार मात्र ! उसले कविता पढ्दा मान्छेहरू गललल हाँसिदिए : उसलाई पढ्दा पढ्दै यस्तो लागेर आयो मान्छे आफ्नै विकृत रूपमा हाँसिरहेका छन् । मान्छे कति पातला भएर गइरहेछन्, कति त्यान्द्रिएर मौलिक रूप हराउँदै जाँदैछन् । सभापतिको भाषण पछि सभा शेष भयो उसलाई आफ्नो जिन्दगी सम्झेर विरक्त लागेर आयो, एउटा नियास्रोपनले गाँज्यो । कति सीमित-क्षेत्रमा जिन्दगी साँघुरिएको छ । कति सानो परिवेशभित्र बाँचिदिएको छ । सडकछेउको रेलिङमा दाहिने खुट्टा अड्याएर ऊ सम्झिरहेछ । पारिपट्टि नेहूर कमानको चियापत्तीको गोदामबाट पत्थर कोइलाको धूवाँ मुस्लो बनेर अकासिइरहेछः उसलाई यस्तो लाग्छ, कि यो धूवाँ हजार-हजार लाश डढेको धूवाँ हो ! उसले हातेघडी हेर्यो, ठीक छ बज्न लागेछ । उसलाई हिजो आफूले दिएको वचन याद आयो । उसको मन फेरि मौलिएर सुना लाग्यो- दुई पात एक सुइरो, क्लोरोफिल र फ्लेवरयुक्त । उसले चायाँका कुराहरू मनबाट पन्छ्याइदियो अनि फरक्क फर्केर मास्तिरै मास्तिर गयो, सुसेलो पार्दै गयो, रहरलाग्दो हरियो भएर गयो । उसलाई आफ्नी मायालुको ख्यालले धरती मलिलो लागेर आयो अनि ता फूल मन परेर आयो अनि रोमान्टिक भावनाले फूल फुलेको ठाउँमा पुग्यो तर त्यहाँ बाँझो जग्गामा परपरसम्मन् लहलह उन्यू फिजिएको थियो । ऊ आगो भयो । रीसले एक बुज्को उन्यू उखालेर फ्याँक्ने मन भइदियो परन्तु उसको एक मुठी अनिकालको बल सित्तै खेर गयो: नराम्रो वस्तुसित धरतीको कति गहिरो सम्बन्ध बरु उसले आफूलाई राम्रो लागेको फूल एक मुठी बलमै उखेल्न सक्ने थियो, टपक्क पार्ने थियो । ऊ उदास भयो, पहेंलो भएर ओह्रालो झर्यो । बाटाभरि उदास उदास कुराहरू मात्र आए । लखतरान भएर घरको सँघार नाघेर अनि घरभित्र पस्यो । सानी छुनुमुनु बहिनी खुशी हुँदै कराई, "आमा, दाज्यू आउनुभो..." आमा गद्गद हुँदै भनिरहेकी थिइन्, "कान्छा खानै बिर्सेर दिनभरि कता हिँडिरहिस् ?" उसलाई दिनभरिका कुराहरू सबै झूटा र केवल आफ्नी आमा मात्र दूध जस्तो पोसिलो-सत्य लागेर आयो ।

***-साहित्यपोस्ट डटकम***

# गुल्मी अस्पतालमा ईएमआर प्रणाली सुरु

**हाम्रा संवाददाता**

**गुल्मी,** फागुन २/गुल्मी अस्पताल तम्घासमा विद्युतीय चिकित्सा अभिलेख (ईएमआर) प्रणाली सुरु भएको छ । अस्पतालको सेवालाई छिटो छरितो र प्रविधिमैत्री बनाउन लुम्बिनी प्रदेशमै पहिलो पटक यहाँको जिल्ला अस्पतालमा ईएमआर प्रणाली सुरु गरिएको हो ।

विश्वस्वास्थ्य संगठनद्वारा लुम्बिनी प्रदेशअन्तर्गतको सो अस्पतालमा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारु र विश्वस्वास्थ्य संगठन नेपालका डा. एलीसन गोकोटनाले अस्पताललाई ईएमआरका लागि आवश्यक सामग्री हस्तान्तरण गर्दै प्रणालीको सुरुवात गरेका हुन् । (ईएमआर) प्रणालीको सुरु गर्दै लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री सारुले प्रदेश प्रणालीले अस्पताललाई सेवाग्राहीप्रति जवाफदेही र जनताले सरकारको महसुस गर्ने गरि काम गरिरहेको बताए । यो प्रणाली सुरु भएपछि बिरामीलाई कागजी प्रक्रियाको झनझट अन्त्य उनले विश्वास व्यक्त गरे । मन्त्री सारुले स्वास्थ्य मन्त्रालय मातहतमा रहेका सबै सवारी साधनमा जिपिएस जडान गर्ने, शुल्कसहितको नागरिक बडापत्र राख्ने, सरकारी अस्पतालमा काम गर्ने चिकित्सकको नाम देखिनेगरी राख्नेलगायत काम सुरु गरेको समेत बताए । विश्वस्वास्थ्य सङ्गठन



नेपालका डा. गोकोटनाले यो सेवाबाट नागरिकलाई धेरै सहजता पुऱ्याउने भन्दै जिल्लावासीले यसको अधिकतम प्रयोग गरेर सेवा लिन आग्रह गरे । यस अभिलेख प्रणालीबाट बिलिङ, टिकटिङ, डाक्टरको उपलब्धता, औषधिलगायत विवरण अभिलेख प्रणालीमार्फत जानकारी पाउन सकिने अस्पतालका निमित्त कार्यालय प्रमुख वैभव बस्यालले जानकारी दिए । यसबाट बिरामीलाई विगतदेखि वर्तमानसम्मका विवरण सहजै रुपमा उपलब्ध हुने बताइएको छ । विश्वस्वास्थ्य संगठन नेपालका अधिकृत सुदन ज्ञवालीले विद्युतीय चिकित्सा अभिलेख प्रणालीमार्फत बिरामीको समय, खर्चको बचत हुनुका साथै परीक्षणमा हुने दोहोरोपनको अन्त्यका अतिरिक्त स्वास्थ्यसम्बन्धी नीतिनिर्माणमा एकीकृत तथ्याङ्क प्राप्त हुने बताए । यसबाट सेवा प्रवाह धुत, चुस्त र प्रभावकारी हुने उनको भनाइ छ । ईएमआर प्रणालीमार्फत बिरामीलाई विगतदेखि वर्तमानसम्मका विवरण सजिलै उपलब्ध हुने छन् । कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य डिल्लिराज भुसाल, रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, स्वास्थ्य मन्त्रालयका सचिव वासुदेव उपाध्याय र अस्पताल विकास समितिका अध्यक्ष गोपाल प्रसाद पाण्डेयलगायत सरोकारवालाहरुको सहभागीता रहेको थियो ।

# आज तिन्टीआँपमा कृषि मेला तथा प्रदर्शनी हुँदै

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २/जिल्लाको तानसेन नगरपालिका -९ तिन्टीआँपमा आज शनिबार तेस्रो कृषि मेला तथा प्रदर्शनी हुन लागेको छ । 'कृषि उत्पादनमा सहभागी बनौं, परनिर्भरताको अन्त्य गरौं' भन्ने मुल नाराका साथ यहाँ मेला तथा प्रदर्शनी हुन लागेको हो ।

कृषि उत्पादन बढाउन, कृषक्लाई प्रविधिसँग जोडी उद्योगको रुपमा विकास गराउने अभिप्रायले एक दिने कृषि मेलाको आयोजना गरिएको छ । मेलाको सम्पूर्ण तयारी पुरा भएको शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ । मदनपोखरा संगम बहुउद्देशीय सहकारी संस्था लिमिटेडको आयोजना, तानसेन नगरपालिका-९ वडा कार्यालयको प्रवर्द्धनमा तेस्रो कृषि मेला हुन लागेको हो । मेलामा प्रतियोगात्मक कृषि बाली प्रदर्शनी, प्रतियोगितात्मक बाखा, कुखुरा, प्रदर्शनी, रैथाने बाली प्रदर्शनी, कृषि औजार प्रदर्शनी, विउविजन प्रदर्शनी, पशु रोग निदान तथा गोवर परिक्षण, कृषि उद्यम अनुभव आदान-प्रदान हुने जनाइएको छ । मेलामा ३५ वटा स्थल रहने छन् । किसानलाई आफै विउविजन उत्पादन गर्न सक्ने बनाउनु,



उनीहरुलाई व्यवसायिक र उद्यमी बनाउँदै गाडी चढ्ने स्तरसम्म पुऱ्याउनुको साथै किसानहरुमा जागरण पैदा गर्ने, कृषि तथा कृषकमुखी नीति निर्माण तथा बजेटमा सरोकारवाला निकायको ध्यान आकर्षण गराउनु मेलाको मुख्य उद्देश्य रहेको वडा अध्यक्ष राजेश कुमार अर्यालले बताए ।

मदनपोखरा क्षेत्र आफैमा कृषि उर्वर भूमि भएकाले यसको प्रचार-प्रसार र किसानलाई थप व्यसायिक बन्न उत्प्रेरणा जगाउन मेला आयोजना गरिएको मदनपोखरा संगम बहुउद्देशीय सहकारी संस्थाका अध्यक्ष घनश्याम घिमिरेले बताए ।

पत्रकार सम्मेलनमा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले कृषि मेलाले उत्पादनमा वृद्धि, कृषिमा आधुनिकीकरण, कृषकका समस्याहरु समाधान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । सहकारीका उपाध्यक्ष सन्तोष अर्यालको स्वागत, सचिव बेदप्रसाद सुवेदीको सञ्चालनमा पत्रकार सम्मेलन भएको थियो ।

## खेलकुद समाचार

# तेस्रो संस्करणमा सात टोली सहभागी हुने




**काठमाडौं,** फागुन २/नेपाल सुपर लिग (एनएसएल) तेस्रो संस्करणमा सहभागी टोलीको सङ्ख्या घटेको छ । यसपटक सात टोलीले मात्र एनएसएल खेल्ने भएका छन् । दोस्रो संस्करण खेलेका स्पोटिङ इलाम दे मेची र वीरगञ्जयुनाइटेडले यसपटक नखेल्ने भएका हुन् । पहिलो संस्करणमा सात र दोस्रो संस्करणमा नौ टोलीले एनएसएल खेलेका थिए । पहिलो संस्करणमा विराटनगर सीटी एफसीले दोस्रो संस्करण खेलेन । दोस्रो संस्करण थपिएका तीनमध्ये झापा एफसीले मात्र यो पटकको एनएसएल खेल्ने भएको छ । पहिलो संस्करणको विजेता काठमाण्डौ रेजर्स, दोस्रो संस्करणको विजेता ललितपुर सीटी एफसीसहित दुई पटककै उपविजेता धनगढीसहित एफसी चितवन, पोखरा थन्डर्स र बुटवल लुम्बिनी एफसीले लगातार तेस्रो संस्करण खेल्नेछन् । तेस्रो संस्करणका लागि यही फागुन १० गते अक्सन हुने आयोजक नेपाल स्पोर्टस एण्ड म्यानेजमेन्ट (एनएसइएम) ले जनाएको छ । एउटा टोलीले कम्तीमा २२ र बढीमा २३ खेलाडी राख्न पाउनेछ ।

**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५-५२०६०१**

## अर्थ/कर्पोरेट समाचार

# १८ बैंकले राखे फागुनमा ब्याजदर स्थिर




**पाल्पा,** फागुन २/१८ वटा बैंकले फागुन महिनाका लागि ब्याजदर स्थिर राखेका छन् । २० वटा बैंक मध्ये १८ वटाले फागुन महिनाको लागि व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर यथावत राखेका हुन् ।

फागुन महिनाका लागि एउटा बैंकले निक्षेपको ब्याज बढाउँदा एउटाले भने घटाएको छ । १८ वटा बैंकले फागुनका लागि पनि यही माघकै ब्याजदर स्थिर राखेपछि २० वटा वाणिज्य बैंकको औसत ब्याजदरमा भने परिवर्तन आएको छैन् । फागुन महिनामा पनि सबै वाणिज्य बैंकहरूमा एक वर्षे व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर औसत ६.००१ प्रतिशत छ । यो माघ महिनाकै बराबर हो । लक्ष्मी सनराइज र ग्लोबल आइएमई बैंकको ब्याजदर सामान्य परिर्वतन भएको छ । लक्ष्मी सनराइजले यसअघि व्यक्तिगत मुद्दती निक्षेपमा ५.७५ प्रतिशतसम्म ब्याजदर दिइरहेकोमा अब ५.५० प्रतिशत दिने भएको हो । त्यस्तै, ग्लोबल आइएमई बैंकले ५.७५ प्रतिशत दिइरहेकोमा अब भने ६ प्रतिशत ब्याजदर दिने भएको हो । अहिले सबैभन्दा उच्च ब्याज एनआइसी एसिया र एनएमबी बैंकमा पाइन्छ ।

यी दुवै बैंकले ६.६ प्रतिशतसम्म ब्याजदर दिने भएका छन् । त्यस्तै, सबैभन्दा कम ब्याज लक्ष्मी सनराइज र नेपाल एसबिआई बैंकले दिने भएको छ । यी सबै बैंकले अब ५.५० प्रतिशत ब्याज दिने भएका छन् ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

# रानीमहल पुगेका जोडीले...

...उनीहरु मात्र होइन रानीमहल पुग्ने अधिकासं प्रेमी प्रेमिकाहरु निकै रमाएको देखिन्थ्यो । एक अर्कालाई अङ्गालो मार्दै युवायुवतीले मधुर मुस्कानसहित फोटो खिचेका दृश्यहरु त्यहाँ देख्न सकिन्थ्यो । यहाँ दुई/चार दिन अगाडिदेखि प्रेमिल जोडीहरु रमाएका पाइन्थ्यो । प्रेम दिवसको अवसरमा देशविदेशबाट समेत प्रेमिल जोडीहरु पाल्पाको रानीमहलमा पुग्ने गर्दछन् । कालीगण्डकी नदी किनारमा रहेको रानीमहललाई प्रेमको प्रतीकका रूपमा अर्थ्याइने गरेका कारण पनि त्यहाँ प्रेमिल जोडीहरु पुग्ने गर्दछन् । तत्कालीन जनरल खड्गशमशेरले आफ्नी रानी 'तेजकुमारी' को सम्झनामा यहाँ महल बनाएका थिए ।

प्रेम दिवसको दिन यो महलमा सच्चा जोडीहरू आफ्ना अतीत सम्झँदै वर्तमानमा टेकेर भविष्यको कल्पना गर्ने गर्छन् । यहाँ हरेक वर्ष प्रेम दिवसका दिन युगल जोडी पुगेर एक आपसमा प्रेम साटासाट गर्दछन् । रानीमहल पुगेर प्रेम साटेमा सम्बन्ध दीगो रहने जनविश्वास रहेको छ । रानीमहलमा पाल्पा, रूपन्देही, स्याङ्जा, नवलपरासी, कपिलवस्तु, गुल्मी क्षेत्रबाट प्रेमिल जोडीहरु आउने गरेका छन् ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई